म.प.बै.सं. २१।०८१

## संवत् २०८१ साल असोज ४ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः मधेश प्रदेश सभाको चालु तेस्रो अधिवेशन अन्त्य गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिश गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः

(क) डा. मनिष पाण्डे लाई प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, जनकपुरधामको निमित्त निर्देशकको जिम्मेवारीबाट हटाई डा. राजीव कुमार झा लाई अर्को व्यवस्था नभएसम्मको लागि प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, जनकपुरधामको निमित्त निर्देशकको रुपमा कामकाज गर्न जिम्मेवारी तोक्ने ।

(ख) शिक्षा तथा संस्कृति मन्त्रालय, मधेश प्रदेशमा निमित्त प्रदेश सचिवको रुपमा कार्यरत दशौं तहका उपसचिव श्री महेन्द्र महतोलाई निमित्त प्रदेश सचिवको जिम्मेवारीबाट हटाई खटिएकै निकायबाट तलब भत्ता भुक्तानी हुने गरी शिक्षा तालिम केन्द्र, बारामा कामकाजमा खटाउने र शिक्षा विकास निर्देशनालयको कायम मुकायम निर्देशकको रुपमा कार्यरत दशौं तहका उपसचिव श्री दिलिप कुमार ठाकुरलाई खटिएकै निकायबाट तलब भत्ता भुक्तानी हुने गरी शिक्षा तथा संस्कृति मन्त्रालय, मधेश प्रदेशमा कामकाजमा खटाई अर्को व्यवस्था नभएसम्मका लागि आर्थिक तथा प्रशासनिक अधिकार सहितको सो मन्त्रालयको निमित्त प्रदेश सचिवको जिम्मेवारी तोक्ने ।

(ग) शिक्षा तालिम केन्द्र, बारामा कार्यरत दशौं तहका उपसचिव श्री ठूलो बाबु दाहाल लाई शिक्षा विकास निर्देशनालयमा सरुवा गरी अर्को व्यवस्था नभएसम्मको लागि सो निर्देशनालयको निमित्त निर्देशकको जिम्मेवारी तोक्ने।

३. शिक्षा तथा संस्कृति मन्त्रालयः बहुदरमाई नगरपालिका -२ (साविक बैरियाविर्ता दा.पु.) को कित्ता नं. ८१, २६५, ३८४, ३८५, ३८६, ३८८ र ३८९ का सम्पूर्ण जग्गा मधेश विश्वविद्यालयले उपयोग गर्ने गरी नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा सिफारिस गर्ने ।

४. शिक्षा तथा संस्कृति मन्त्रालयः शिक्षा तथा संस्कृति मन्त्रालयलाई हलुका सवारी साधन खरिद गर्न अनुमति प्रदान गर्ने।

म.प.बै.सं. २२।०८१

## संवत् २०८१ साल असोज १३ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः एघारौं तहका प्रमुख मेडिकल सुपरिटेण्डेण्ट डा. संजिव कुमार सिंहलाई प्रादेशिक अस्पताल, मलङ्गवा, सर्लाहीमा रिक्त रहेको प्रमुख मेडिकल सुपरिटेण्डेण्ट पदमा सरुवा गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय, मधेश प्रदेशमा कार्यरत अधिकृत दशौं तहका वरिष्ठ उपसचिव श्री सुशिल कुमार साह तेली लाई अर्को व्यवस्था नभएसम्म सो मन्त्रालयको आर्थिक तथा प्रशासनिक अधिकार सहितको निमित्त प्रदेश सचिवको जिम्मेवारी तोक्ने।

३. ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालयः आपतकालीन तथा बाढी पहिरो पुनस्थापना कार्यको लागि थप बजेट व्यवस्थापन गर्ने।

४. भौतिक पूर्वाधार विकास मन्त्रालयः बाढी पहिरोका कारण क्षतिग्रस्त प्रादेशिक पूर्वाधार संरचना (सडक, पुल) को मर्मत, स्तरोन्नति तथा निर्माणको लागि अर्थ मन्त्रालयबाट भौतिक पूर्वाधार विकास मन्त्रालयलाई बजेट निकासा गर्न स्वीकृति प्रदान गर्ने ।

५. भौतिक पूर्वाधार विकास मन्त्रालयः सप्तरी र सिराहा जिल्लामा संचालित जनता आवास कार्यक्रममा बजेट सशर्त अनुदानको रुपमा माग गर्न नेपाल सरकार, शहरी विकास मन्त्रालयलाई अनुरोध गर्ने।

६. मधेश प्रदेश सरकार अन्तर्गतका निकायहरुले खरिद प्रक्रिया अपनाउँदा सार्वजनिक खरिद ऐन, २०६३ एवं सार्वजनिक खरिद नियमावली, २०६४ तथा खरिद सम्बन्धी प्रचलित कानूनमा उल्लिखित विधि र प्रक्रिया अनुसार गर्ने।

७. मित्र राष्ट्र भारतको उत्तर प्रदेश राज्यको महामहिम राज्यपालज्यूले मिति २०८१ असोज १५ र १६ गते धनुषा र महोत्तरी जिल्ला स्थित विभिन्न पर्यटकिय स्थलहरुमा भ्रमण गर्ने तय भएको हुँदा सो अवसरमा निजलाई मधेश प्रदेश सरकारको तर्फबाट भव्य स्वागत, सम्मान एवं शिष्टाचार भेटघाटका लागि आवश्यक व्यवस्था मिलाउने।